प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

## परीक्षा केन्द्र कायम गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८२।०७।१६ गते)

उपर्युक्त सम्वन्धमा मिति २०८२।०६।०९ गते यस कार्यालयको वेवसाइटमा प्रकाशित बिस्तृत सूचनामा उल्लेख भए अनुसार कोशी प्रदेशका ५ वटा परीक्षा केन्द्रमा संचालित २४ वटा शिक्षण संस्थाका र बागमती प्रदेशका १८ वटा परीक्षा केन्द्रमा संचालित ८० वटा शिक्षण संस्था परीक्षाका उत्तरपुस्तिकाहरु भाद्र २३ र २४ गतेको बिषम परिस्थितिका कारण सुरक्षाको लागि राखिएका प्रहरी कार्यालयहरुमा आगजनी हुंदा उत्तरपुस्तिकाहरु जलेका तथा नष्ट भएकाले परीक्षा समितिको मिति २०८२।०६।१० गतेको निर्णय तथा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीस्तरीय मिति २०८२।०७।०९ गतेको निर्णयानुसार उक्त शिक्षण संस्था, कार्यक्रम, बर्ष/खण्डका परीक्षाहरु यस कार्यालयको मिति २०८२।०६।३१ गते प्रकाशित परीक्षा तालिका बमोजिम मिति २०८२।०८।०४ गतेबाट पूनः परीक्षा संचालन हुने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै कोशी र बागमती प्रदेश अन्तर्गतका जलेका तथा नष्ट भएका उत्तरपुस्तिकाहरुको **सम्वन्धित शिक्षण संस्थामा परीक्षा केन्द्र (होम सेन्टर) कायम गरी** मिति २०८२।०८।०४ गतेबाट पूनः परीक्षा संचालन गरिने र देशभरका अन्य स्थगित परीक्षाहरु मिति २०८२।०७।३० देखि मिति २०८२।०८।०३ सम्म **पूर्व निर्धारित केन्द्रहरुमा** संचालन गरिने व्यहोरा समेत अनुरोध छ । कुनै शिक्षण संस्था बन्द भएको भए नजिकको शिक्षण संस्थामा परीक्षा केन्द्र कायम गरिने छ । यस सम्वन्धी विस्तृत परीक्षा तालिका मिति २०८२।०६।३१ गते प.नि.का.को वेवसाइटमा प्रकाशित गरिएको छ । यस सम्वन्धी कुनै जानकारी आवश्यक भएमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**